PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्यूरो

बबरमहल, काठमाण्डौ ।

## प्रेस विज्ञप्ति-४१

फो.नं.: ०१-५३३९५६९
०१-५३४११७७

## "क्यानडा पठाईदिन्छु भनि दुवई पुर्याई महिला बेचबिखन गर्ने व्यक्ति पक्राउ"

टिकटकको माध्यमबाट चिनजान भएको प्रतिवादी फिरोज खाँन भन्ने फरमान हवारीले आफुले धेरै मानिसहरुलाई क्यानाडा पठाईदिईसकेको भनि प्रलोभन देखाउदै जाहेरवालीलाई दुवई पठाई दुवईमा रहेका प्रतिवादीको सहयोगीले निजको राहदानी लगायतका कागजातहरु जफत गरि आफुखुसी बाहिर हिडडुल गर्न नदिई बन्धक समेत बनाई राखेको अवस्थामा निजको आफन्तको सहयोगमा नेपाल फिर्ता हुन सफल भएकोले निजलाई कारवाही गरीपाउँ भन्ने व्यहोराको जाहेरी दर्खास्त यस व्युरोमा दर्ता भएपश्चात फरार रहेका निज प्रतिवादीलाई यस व्युरोबाट खटीएको टोलीले खोजतलास गर्ने क्रममा उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनसंग समेत आवश्यक समन्वय गरी मिति २०८१ बैशाष १२ गतेका दिन नयाँ बानेश्वर ईलाकाबाट पक्राउ गरी सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार मुद्दामा दिन ५ (पांच) को म्याद थप अनुमति लिई आवश्यक थप अनुसन्धान भईरहेको ।

**पक्राउ परेको अभियुक्तको विवरण :-**

**अभियुक्तको फोटो**



- **नाम**:- फरमान हवारी, **उपनाम**:- फिरोज खाँन
- **उमेर**:- २६ बर्ष ।
- **स्थायी वतन**:-जिल्ला बारा सिम्रौनगढ न.पा वडा न.३ ।
- **अस्थायी**:- जिल्ला काठमाण्डौ नागार्जुन न.पा वडा न. १ ।

**प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको कुराहरु:-**

- टिकटकको माध्यमबाट आफ्नै साथी मार्फत फिरोज खाँन भन्ने फरमान हवारीसंग चिनजान भएपछी निजले जाहेरवालीलाई क्यानाडा जानको लागि रु.३०,००,०००।–(तीस लाख) खर्च लाग्ने बताएको खुल्न आएको ।
- प्रतिवादीले जाहेरवालीलाई बिहे गर्ने सम्म प्रलोभन देखाई नेपालमै पटक पटक यौन शोषण समेत गरेको खुल्न आएको ।
- फिरोज खाँन भन्ने फरमान हवारीले मिति २०८०/०९/०२ गतेका दिन जाहेरवालीलाई युएईको दुवई पठाएको देखिएको ।
- प्रतिवादीहरुले दुवई पुगेपछि जाहेरवालीको राहदानी लगायतका कागजातहरु जफत गरि आफुखुसी बाहिर हिडडुल गर्न नदिई बन्धक बनाई पटक पटक माग गरेको थप पैसा नदिएकोले शारिरीक र मानसिक यातना समेत दिने गरेको खुल्न आएको ।
- जाहेरवालीबाट पक्राउ प्रतिवादीले बिभिन्न समयमा गरी रु.११,२८,०००।–(एघार लाख अट्ठाईस हजार) रकम समेत ठगी गरेको खुल्न आएको ।
- सोहि क्रममा मिति २०८०/१२/३० गते जाहेरवालीको आफन्तहरुको सहयोगमा नेपाल फिर्ता हुन सफल भएको ।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा थप अनुसन्धान कार्य भई रहेको ।

मिति:-२०८१/०१/१३ गते ।

प्रवक्ता
(दानेन्द्र प्रसाद फुयाल)
प्रहरी उपरीक्षक
सम्पर्क नं.९८५१२९२२०२